## सुदूरपश्चिमको स्वास्थ्य बजेट विश्लेषणको सारांश

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले आर्थिक वर्ष (आ. व.) २०६९/७० देखि हरेक वर्ष स्वास्थ्य क्षेत्रको बजेट विश्लेषण गर्दै आएको छ र संघीयतापश्चात् पनि यसलाई निरन्तरता दिएको छ । संघीय सरकारबाट प्रदेश तथा स्थानीय तहलाई दिइने बजेट, विनियोजन र खर्चबीचको अन्तरको विश्लेषण तथा बजेट विश्लेषणबाट प्राप्त नीतिगत सिफारिसहरूले संघीय सरकारलाई नतिजामा आधारित योजना बनाउन मद्दत गरेको छ । सङ्घीयतापछि प्रदेश सरकारहरूले आफ्नै राजस्वका स्रोत पनि सिर्जना गरिरहेका छन् जसलाई स्वास्थ्य क्षेत्रमा समेत विनियोजन गर्न सकिन्छ तर स्वास्थ्य क्षेत्रको बजेटमा प्रदेशहरूले कति योगदान पुऱ्याएका छन् भन्ने बारेमा लेखाजोखा हुन सकेको छैन । साथै बजेटको विस्तृत विश्लेषणको अभावमा प्रदेशमा वास्तविक बजेटका आवश्यकताहरू पहिचान गर्न गाह्रो भएको छ तसर्थ प्रदेश तथा स्थानीय तहको बजेट विश्लेषणमा यो प्रतिवेदन पहिलो प्रयास हो ।

सुदूरपश्चिम प्रदेश र स्थानीय तहको आ. व. २०७६/७७ देखि आ. व. २०७८/७९ सम्म आ. व.तीन वर्षको स्वास्थ्य क्षेत्रको बजेट विश्लेषण प्रतिवेदनले सामाजिक विकास मन्त्रालय, प्रादेशिक स्वास्थ्य निर्देशनालय, स्थानीय तह, नीति निर्माता, योजनाकार, कार्यक्रम व्यवस्थापक र बाह्य विकास साझेदारहरूलाई यस प्रदेशको बजेटको यथार्थ स्थिति, बजेट विनियोजनको प्रवृत्तिका साथै आ. व. आ. व.२०७६/७७ रआ. व. २०७७/७८ को खर्च र खर्च गर्ने क्षमताको बारेमा बुझ्न सजिलो बनाउने छ । यस विश्लेषणमा आ. व. २०७८/७९ को खर्च समावेश गरिएको छैन । तुलनात्मक विश्लेषणको लागि आ. व. २०७४/७५ देखिको समष्टिगत सूचकाङ्कहरूलाई समेटिएको छ । यस बजेट विश्लेषणमा प्रदेश स्तरको बजेट तथ्याङ्क संकलनको लागि 'प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS)' र खर्चको तथ्याङ्क सङ्कलनको लागि 'कम्प्यूटराइज्ड सरकारी लेखा प्रणाली (CGAS)' प्रयोग गरिएको छ भने स्थानीय तहको बजेट तथा खर्चको तथ्याङ्क सङ्कलनको लागि 'स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA)' को प्रयोग गरिएको छ । पहिलो दुई आ. व. को विश्लेषण गर्न समायोजन गरिएको बजेट र अन्तिम खर्च लिइएको छ भने चालु आ. व. मा सुरू बजेट विनियोजनलाई प्रयोग गरिएको छ तसर्थ अघिल्लो वर्षको संघीय बजेट विश्लेषण प्रतिवेदनसँग तुलना गर्दा बजेटमा सानातिना फरकहरू देख्न सकिन्छ । साथै, अध्ययनको सिलसिलामा सरकारका तीनवटै तहमा बजेटको अभिलेखन र प्रतिवेदनमा केही त्रुटिहरू देखिएका छन् जसले गर्दा यस प्रतिवेदनमा प्रस्तुत तथ्याङ्कभन्दा वास्तविक बजेट अलि फरक हुनसक्ने समेत सङ्केत गरेको छ । यद्यपि, यस प्रतिवेदनले प्रदेश तथा स्थानीय तहलाई स्वास्थ्यसँग सम्बन्धित बजेट तथा खर्चका तथ्याङ्क संकलन गरेर उनीहरूको बजेट विश्लेषण गर्न एक ढाँचा प्रदान गर्दछ ।

### नतिजाहरूः

कुल गार्हस्थ्य उत्पादन (जिडीपी) को प्रतिशतका हिसाबले स्वास्थ्यमा सरकारी खर्च संघ र प्रदेश दुवै तहमा सुधार भएको छ । सुदूरपश्चिम प्रदेशमा स्वास्थ्य क्षेत्रमा लगानी आ. व. २०७४/७५ मा जिडीपी को ०.७% बाट आ. व. २०७७/७८ मा २.२% पुगेको छ तर स्वास्थ्यमा सर्वव्यापी पहुँच (UHC) को लक्ष्य हासिल गर्नको लागि विनियोजन **'चाथम हाउस प्रतिवेदन, २०१४[1]'** ले सिफारिस गरेको भन्दा यो लगानी निकै कम छ ।

[1] Mcintyre D., Meheus F., & J.A Rottingen. (2017) 'What Level of Domestic Government Health Expenditure Should we Aspire to for Universal Health Coverage?', *Health Economics, Policy and Law 12* (2),125-137.

त्यसैगरी यस प्रदेशमा स्वास्थ्यमा गरिएको प्रतिव्यक्ति लगानी आ. व. २०७४/७५ र आ. व. २०७७/७८ को बीचमा झण्डै पाँच गुणाले बढ्दै गएको देखिन्छ, जुन २,९४१ नेपाली रूपैयासम्म पुगेको थियो । सुदूरपश्चिम प्रदेशको बजेट विनियोजनको प्रवृत्ति हेर्दा आ. व. २०७५/७६ मा कुल बजेटको ५.४% बाट वृद्धि भई आ. व. २०७६/२०७७ मा १२.६% सम्म पुगेको थियो । हाल आएर यो प्रतिशत पुनः घट्दो क्रममा रहेको छ । चालु आर्थिक वर्ष २०७८/७९ मा स्वास्थ्य क्षेत्रमा कुल बजेटको ११% मात्र विनियोजन भएको देखिन्छ ।

सुदूरपश्चिम प्रदेशले संघीय सरकारबाट वित्तीय हस्तान्तरणको रूपमा बजेट प्राप्त गर्नुका साथै प्रदेशको आफ्नै राजस्व स्रोत समेत रहेको छ । यस प्रदेशले स्थानीय तहको लागि समानीकरण, समपुरक तथा विशेष अनुदानको रूपमा बजेट पाउने गरेको छ । आ. व. २०७६/७७ मा प्रदेशको स्वास्थ्य क्षेत्रको बजेटको झण्डै तीन चौथाइ (७३%) आन्तरिक स्रोतबाट विनियोजन गरिएको थियो भने संघीय सशर्त अनुदान १७% मात्र रहेको थियो । स्वास्थ्यको बजेटमा आ. व. २०७७/७८ र आ. व. २०७८/८९ मा पनि आन्तरिक स्रोतबाट सबैभन्दा बढी विनियोजत भएको भएपनि आउदो वर्ष भने विनियोजनको मात्रा घटेको छ । प्रदेश भित्रका स्थानीय तहले विनियोजन गरेको बजेटबाहेक आ. व. २०७७/७८ मा प्रादेशिक स्वास्थ्य बजेट झण्डै १ अर्ब रुपैयाँले बढेको भएपनि उक्त रकम कोभिड—१९ को रोकथाम, उपचार र व्यवस्थापनका लागि विनियोजन भएको देखिन्छ । यसले गर्दा स्वास्थ्य सेवामा आ. व. २०७७/७८ को तुलनामा यस आ. व. मा बजेट घटेको देखिन्छ । यस प्रदेशको कुल स्वास्थ्य क्षेत्रको खर्च आ. व. २०७६/७७ को ६९% बाट बढेर आ. व. २०७७/७८ मा ७५% पुगेको छ ।

स्थानीय तहमा संघीय सशर्त अनुदान स्वास्थ्य क्षेत्रको बजेटको प्रमुख स्रोत रहेको छ । प्रदेशले आ. व. २०७८/७९ मा स्थानीय तहको कुल स्वास्थ्य बजेटको २% मात्र सशर्त बाहेक अन्य अनुदानको रूपमा रकम उपलब्ध गराएको छ । आन्तरिक स्रोत तर्फको स्वास्थ्य बजेट विनियोजन आ. व. २०७६/७७ मा सबैभन्दा बढी (११.१%) थियो तर पछिल्लो आ. व. २०७८/७९ मा घटेर ९% मा झरेको छ । बजेट खर्च आ. व. २०७६/७७ को ८०% बाट बढेर आ. व. २०७७/७८ मा ८४% सम्म पुगेको छ जसमा प्रदेशको सशर्त अनुदानको रकम सबैभन्दा कम खर्च भएको छ । प्रारम्भिक बजेट विश्लेषणले रकम निकासामा ढिलाइ, कार्यक्रम कार्यान्वयन मार्गदर्शन प्राप्तिमा ढिलाइ र स्थानीय तहमा दक्ष जनशक्तिको अभाव जस्ता कारणले सशर्त अनुदानतर्फ कम खर्च भएको हुनसक्छ भन्ने देखिन्छ । यद्यपि, कार्यक्रम तथा खर्च कम हुनुका कारण र चुनौतीहरूलाई सम्बोधन गर्न थप अध्ययन गर्नु आवश्यक देखिन्छ । यो विश्लेषण बजेट खर्च गर्ने क्षमता र स्वास्थ्य सेवा प्रवाहको लागि नेपालको संविधानअनुरुप अनिवार्य रूपमा नागरिकहरूको स्वास्थ्यलाई मौलिक अधिकारको रूपमा कायम राखेको सुनिश्चित गर्न सहयोगी सिध्द हुनेछ । सरकारका तीनवटै तहमा स्वास्थ्य नीति र रणनीतिमा एकरूपता कायम गर्न वृहत् नीति र रणनीतिको छातामा समायोजन गर्नुपर्छ । प्राथमिक स्वास्थ्य सेवाको पहुँचमा सुधार गर्न र प्रदेश सरकार र स्थानीय सरकारलाई स्वास्थ्यमा आफ्नो लगानी बढाउन प्रोत्साहित गरी प्रतिव्यक्ति

कम्तीमा ८६ अमेरिकी डलर खर्च गर्न सक्षम बनाउँदै लागतयुक्त स्वास्थ्य वित्तीय रणनीति तर्जुमा गर्न आवश्यक छ ।

प्रदेश तथा स्थानीय तहले संघीय सरकारबाट अनुदान शीर्षकमा बजेट प्राप्त गर्ने गर्दछन्, जसलाई बजेट खर्च शीर्षक अनुसार आफ्नो वित्तीय व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नुपर्दछ । यो नियमअनुसार कतिपय कार्यक्रम र तिनको खर्च शीर्षक प्रविष्ट नगरिएको कारणले गर्दा ठुलो रकम 'अन्तर-सरकारी वित्तीय हस्तान्तरण' शीर्षक अन्तर्गत रहेको छ । तसर्थ, बजेट र कार्यक्रम तयारीको क्रममा नै यी अनुदानलाई खर्च शीर्षकअनुसार प्रविष्ट गरी बजेटको सार्वजनिक उत्तरदायित्व सुनिश्चित गर्ने संयन्त्रको विकास गर्न र बजेट र खर्चका तथ्याङ्क र सूचनाहरू रेकर्ड र रिपोर्ट गर्ने क्षमतालाई प्रदेश र स्थानीय तह दुवैमा वृद्धि गर्न आवश्यक छ । प्रदेशका लागि सशर्त अनुदान अन्तरिम योजनाबारे पनि छलफल सुरु गर्नु जरूरी छ ।